फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

अनुसूची १

# प्रतिफलमा आधारित अनुदान अन्तर्गत आहारा खरिद कार्यक्रम सञ्चालनका लागि

## सूचना ! सूचना ! ! सूचना ! ! !

**प्रथम पटक प्रकाशित मिति : २०८३।३।३**

श्री सबै दुग्ध उत्पादन गर्ने सहकारी संस्था लि तथा व्यावसायिक फार्महरू
फलेवास नगरपालिका पर्वत ।

यस नगरपालिकाको आ.व २०८२/ ०८३ को स्वीकृत प्रतिफलमा आधारित अनुदान कार्यक्रम (दुध) अनुसार यसै नगरपालिकामा रहेका सहकारी संस्थाहरू तथा व्यावसायिक फार्महरूले संकलन तथा बिक्री गरेको दुधको आधारमा दाना खरिदका लागि प्रति लिटर दुधको रु ४:००। (अक्षरुपी रुपैयाँ चार) को दरले प्रतिफलमा आधारित अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले यसै नगरपालिका भित्र रहेका दुध संकलन एवम् बिक्री गरेका सहकारी तथा फर्महरूलाई आ. व. २०८२ को माघ महिनाको १ गते देखि २०८३ साल असार १५ गतेसम्मको अनुदान रकम कृषकको खातामा नै हस्तान्तरण गर्ने कार्यक्रम रहेकोले तपसिल बमोजिमको कागजात संलग्न राखी १५ (पन्ध्र) दिन भित्र दुध तथ्याङ्क उपलब्ध गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

१. निवेदन
२. यसै शाखाबाट उपलब्ध गराइएको फर्मेटमा कृषकको दुध संकलन विवरण भरी अनिवार्य पठाउनुपर्नेछ ।
३. संस्था तथा फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. स्थायी लेखा नम्बर तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. संस्था कार्यसमितिको निर्णयको प्रमाणित प्रतिलिपि ।
६. सम्वन्धित वडा कार्यालयले दुध लि. खुलाएको सिफारिस पत्र ।
७. दुध बिक्री गरेको कागजात खरिदकर्ताको सम्पर्क नं सहित वडाबाट प्रमाणित गरि अनिवार्य पेश गर्नुपर्नेछ । यसै शाखाबाट उपलब्ध गराइएको फर्मेटमा कृषकको दुध संकलन विवरण भरी अनिवार्य पठाउनुपर्नेछ ।
८. दाना चापट खरिदको सक्कल बिल ।
९. दुधको उत्पादन तथा संकलन तथ्याङ्क खुल्ने कागजात वडाबाट अनिवार्य प्रमाणित गर्नुपर्नेछ ।
१०. सबै सदस्यहरू स्वयमको बैङ्क खाता नं अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

म्याद नाघेर आएमा तथा कृषकहरूको खाता नं उपलब्ध नगराएमा रकम भुक्तानी नहुने जानकारी गराइन्छ ।

थप जानकारीका लागि पशुपन्छी विकास शाखा, पशुसेवा केन्द्र तथा सम्पर्क केन्द्रमा सम्पर्क गर्नुहोला ।

भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

फलेवास नगरपालिका खानिगाउँ पर्वत

दुध संकलन विवरण फारम

फर्म वा सहकारी संस्था लि

सम्पर्क नं

साल

| | | | | जम्मा | | माउ | | माघ | | फागुन | | चैत्र | | बैशाख | | जेठ | | असार | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र स | कृषकको नाम | ठेगाना | सम्पर्क नं | गाई | भैंसी | गाई | भैंसी | बिहान | बेलुका | बिहान | बेलुका | बिहान | बेलुका | बिहान | बेलुका | बिहान | बेलुका | बिहान | बेलुका | बिहान | बेलुका |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

फर्म वा सहकारीको छाप

प्रमाणित गर्नेको

नाम

पद

सम्पर्क नं

Scanned with CamScanner